प.लि.नं. १२७४-६७६८

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड

# CDS and Clearing Limited

पत्र संख्या : २०७१/७२ – ०६

चलानी नं. : ५३६

CDS and Clearing Ltd.

मिति : २०७१/१०/१५

**विषय : Demat Request Number (DRN) सम्बन्धी परिपत्र ।**

(परिपत्र नं.:७/आ.व.२०७१/७२)

यस लि. को मिति २०७१/०६/१३ गतेको संचालक समितिको निर्णयानुसार नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत "क" वर्गका वाणिज्य बैंकहरुको हकमा मिति २०७१/०६/२० गते देखि र अन्य समूहको हकमा २०७१/०७/०२ गते देखि भौतिक धितोपत्रको कारोबारको नामसारी अनिवार्य रुपमा Demat मा प्राप्त गर्नका लागि **"भौतिक रुपमा रहेका धितोपत्र कारोबारको खरिद गर्दा अभौतिकीकरण गर्ने कार्यविधि, २०७१"** अनुसार कार्यान्वयन भईरहेकोमा सो कार्यविधि बमोजिम T+13 भित्र हितग्राहीको खातामा धितोपत्र जम्मा हुनु पर्नेमा वर्तमान अवस्थामा सो तोकिएको समयावधि भित्र कार्य सम्पादन भइ नरहेको पाईएकोले सो समस्या समाधानका लागि कार्यविधिको बुँदा नं. १(च) अनुसार निक्षेप सदस्यले Demat Request Form मा सिडिएससिको प्रणालीबाट उपलब्ध हुने DRN उल्लेख गरी छाप लगाई सम्बन्धित रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधि (RTA) लाई पठाउनु पर्ने व्यवस्था रहेकोमा सम्पूर्ण निक्षेप सदस्यले हितग्राहीबाट प्राप्त गरेको धितोपत्र अभौतिकीकरणको अनुरोध सिडिएससिको प्रणालीमा प्रविष्टि गरे पश्चात् उपलब्ध हुने DRN विद्युतीय माध्यमबाट सम्बन्धित RTA लाई जानकारी गर्न र RTA ले पनि विद्युतीय माध्यमबाट प्राप्त भएको उक्त जानकारी बमोजिम कार्य गर्न साथै सम्पूर्ण पक्षले "भौतिक रुपमा रहेका धितोपत्र कारोबारको खरिद गर्दा अभौतिकीकरण गर्ने कार्यविधि, २०७१" को व्यवस्था बमोजिम आफ्नो जिम्मेवारी बहन गरी सहयोग गरिदिनु हुन अनुरोध छ ।

..............................

(सुरेन्द्र राज वाग्ले)

का.मु. सहायक प्रबन्धक

तेस्रो तल्ला, शिखर बिज सेन्टर, थापाथली, काठमाण्डौं, नेपाल ।

Third Floor, Shikhar Biz Centre, Thapathali, Kathmandu, Nepal.

Tel.: 977-1-4101593, Fax: 977-1-4101597

Website: www.cdscnp.com